नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Kuala Lumpur, Malaysia.

# प्रेस विज्ञप्ति

आज मिति २०७२ चैत्र २९ तदनुसार ११ अप्रिल २०१६ का दिन नेपाली राजदूतावास, क्वालालम्पुर र मलेसियाको राष्ट्रिय समाचार संस्था अन्तर्गतको "रेडियो बर्नामा" बीच एक विशेष समारोहको आयोजना गरी नेपाली भाषामा रेडियो कार्यक्रम सन्चालन गर्ने सम्बन्धमा समझदारी पत्रमा हस्ताक्षर भयो । समझदारी पत्रमा नेपाली राजदूत डा. निरन्जनमान सिंह बस्न्यात र रेडियो बर्नामाका तर्फबाट उक्त रेडियोका Editor in Chief, Datuk Zakaria Abd Wahab ले हस्ताक्षर गर्नुभयो ।

आउंदो २०७३ वैशाख ५ गते आइतवारबाट प्रशारण हुन लागेको उक्त रेडियो कार्यक्रम प्रत्येक हप्ताको एक दिन आइतवार बेलुका ८ बजेको समाचार पछि ९ बजेसम्म करिब १ घण्टा प्रशारण हुनेछ । उक्त रेडियो क्लाङ्ग भ्यालीमा ९३.९ मेघाहर्ज, जोहोर क्षेत्रमा १०७.५ मेघाहर्जमा, कुचिङ्ग सरावाकको क्षेत्रमा १००.९ मेघाहर्जमा र कोटाकिनावालु सवाहको क्षेत्रमा १०७.९ मेघाहर्जमा सुन्न सकिनेछ । त्यसै गरी अनलाइनमा www.radio24.com.my मा पनि सुन्न सकिनेछ ।

रेडियो कार्यक्रममार्फत नेपाली भाषामा श्रमिकहरुको लागि विभिन्न उपयोगी सूचना, स्वास्थ्य सम्बन्धी जानकारी तथा सन्देशमुलक सामाग्रीका अतिरिक्त नेपाली गीत संगीत पनि प्रशारण हुनेछन् । त्यसैगरी कार्यक्रममा स्थानीय मलायु भाषामा नेपालको पर्यटन गतीविधि सम्बन्धी सामाग्री पनि प्रशारण गरीनेछ जसले नेपालको पर्यटन प्रबर्द्धनमा महत्वपूर्ण भुमिका निर्वाह गर्नेछ ।

करिब आठलाख नेपाली रहेको मलेसियामा यस रेडियो कार्यक्रमले नेपालीहरु प्रत्यक्षरुप लाभान्वित हुने विश्वास यस राजदूतावासको रहेको छ । साथै आजको समझदारीले नेपाल र मलेसिया बीचको सम्बन्धमा नयां आयाम थपेकोछ ।

नेपाली राजदूतावास, क्वालालम्पुर
मिति ११ अप्रिल २०१६ (चैत्र २९, २०७२)

Wisma Paradise, No. 63, Jalan Ampang, 50450 Kuala Lumpur.
Tel: 603-2020 1898/99, Fax: 603-2020 1894